# खिजीदेम्वा गाउँपालिका
# खिजीफलाटे, ओखलढुंगा
# कोशी प्रदेश, नेपाल

## स्थानीय राजपत्र

भागः२ खण्डः५ संख्याः३ मितिः२०८०/०२/१५

**कार्यपालिकाबाट जारी नियमावली निर्देशिका र कार्यविधिहरु नेपालको संविधानको धारा २२६ बमोजिम खिजीदेम्वा गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

### खिजीदेम्बा गाउँपालिका

### स्थानीय र्कमचारीको तह बृद्धि सम्बन्धी निर्देशिका, २०८०

**गाउँ कार्यपालिकाबाट पारित मितिः २०८०/०२/१५**

स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० मा तहबृद्धि सम्बन्धी व्यवस्थालाई व्यवस्थित र पारदर्शी ढंगले कार्यन्वयन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी खिजीदेम्बा गाउँपालिका, गाउँ कार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "स्थानीय सेवा कर्मचारीको तह बृद्धि सम्बन्धी निर्देशिका, २०८०" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) **"अध्यादेश"** भन्नाले स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० लाई सम्झनु पर्दछ ।

(ख) **"कर्मचारी"** भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय सेवामा समायोजन भएका र

स्थानीय सेवा भित्रका पदमा रही स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

(ग) **"प्रदेश"** भन्नाले कोशी प्रदेश सम्झनु पर्दछ ।

(घ) **"मन्त्रालय"** भन्नाले कोशी प्रदेश अन्तरगतका मन्त्रालय सम्झनु पर्दछ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालयलाई समेत जनाउँदछ ।

(ङ) **"पालिका"** भन्नाले खिजीदेम्बा गाउँपालिकालाई सम्झनु पर्दछ ।

३. **तह बृद्धि सम्बन्धी व्यवस्था** : (१) स्थानीय सेवामा कार्यरत कर्मचारीको तह बृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा कम्तीमा पाँच वर्षको सेवा अवधि पूरा भएको र पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्यांकनमा औसत नब्बे प्रतिशत अंक प्राप्त गरेका देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई देहाय बमोजिमको सम्बन्धित सेवा, समूह वा उपसमूहभित्र तह बृद्धि गरिनेछ ।

| **क.सं.** | **हालको तह** | **तह बृद्धि हुने तह** | **न्यूनतम शैक्षिक योग्यता** | |
|---|---|---|---|---|
| | | | **स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा** | **स्थानीय स्वास्थ्य सेवा** |

| | | | | |
|---|---|---|---|---|
| १. | पाँचौं | छैठौं | सेवा समूह सँग सम्बन्धित विषमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा कक्षा १२ उत्तिर्ण | स्वास्थ्य सेवा सम्बन्धी संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २. | छैठौं | सातौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक उत्तिर्ण | स्वास्थ्य सेवा सम्बन्धी संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| ३. | नवौं | दशौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तिर्ण | स्वास्थ्य सेवा सम्बन्धी संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

(२) तह बृद्धि गर्ने अवधि : उपदफा (१) बमोजिम कर्मचारीको तह बृद्धि प्रत्येक आर्थिक वर्षको माघ एक गते र साउन एक गते महिनामा गरी वर्षको दुई पटक गरिने छ ।

(३) उपदफा (२) बमोजिम तह बृद्धि गर्दा दफा ३ को उपदफा (१) बमोजिम योग्यता पूरा गरेको मितिबाट जेष्ठता कायम हुने गरी तह बृद्धिको निर्णय गर्नुपर्ने छ ।

(४) यस दफामा अन्यत्र जूनसुकै कुरा लेखिएको भएतापनि निजामती सेवा बाहेक अन्य सेवाबाट स्थानीय सेवामा समान पदमा समायोजन भइ आएका स्थायी कर्मचारी तथा सङ्घीय लोकसेवा आयोगबाट स्थानीय सेवाको छैठौं तहमा सिफारिस भइ आएका र यो अध्यादेश जारी हुँदाका बखतसम्म तहबृद्धि नभएका कर्मचारीहरुलाई एक पटकको लागि एक तह बृद्धि गरिनेछ ।

४. **निवेदन दिनुपर्ने** : (१) स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश तथा यस निर्देशिका बमोजिम तह बृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका र दफा ३ (१) बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका स्थानीय तहका कर्मचारीले सम्बन्धित स्थानीय तहमा देहायको कागजात सहित तह बृद्धिका लागि निवेदन दिनुपर्ने छ ।

(क) सेवा अवधि पुष्टि गर्ने नियुक्ति-पत्र,

(ख) नागरिकता प्रमाण-पत्र,

(ग) न्यूनतम शैक्षिक योग्यताको प्रमाण-पत्र,

(घ) समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,

(२) समायोजन ऐन, २०७५ बमोजिम प्रदेशमा समायोजन भएका कर्मचारीको हकमा समायोजन हुनु पुर्व कायम रहेको सेवा समूहको सम्बन्धित समान श्रेणी वा तहमा काम गरेको अवधि समेत जोडी सेवा अवधिको गणना गर्नुपर्ने छ ।

५. **समितिको गठन, मूल्यांकन तथा सिफारिस** : (१) दफा ४ को उपदफा (१) बमोजिम तह बृद्धिका लागि प्राप्त हुन आएका निवेदन र कागजातको मूल्यांकन गर्न गाउँ कार्यपालिकामा देहाय बमोजिमको तहबृद्धि सिफारिस समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत ................ संयोजक

(ख) कार्यपालिकाले तोकेको एक महिला सहित दुई जना वरिष्ठ कर्मचारी ......... सदस्य

(२) कर्मचारीको कार्यसम्पादन मुल्यांकन गर्दा तोकिए बमोजिमको कार्यसम्पादन मूल्यांकन फाराम प्रयोग गरी अध्यादेशको दफा ३४(२) र (३) बमोजिम गर्नुपर्ने छ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक तह माथिको कर्मचारी उपलब्ध हुन नसकेको अवस्थामा प्रमुख प्रशासकीय अधिकृतले सुपरीवेक्षक र वा पुनरावलोकनकर्ता वा दुवैको हैसियतले मूल्यांकन गर्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिले सम्बन्धित स्थानीय तहमा रित पूर्वक प्राप्त भइ दर्ता भएको निवेदनको जाँचबुझ गरी दफा-६ समेतको विपरीत नहुने बमोजिमको कागजातको प्रतिलिपि सहित तह बृद्धिका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्नुपर्ने छ ।

(क) सेवा अवधि पुष्टि गर्ने नियुक्ति-पत्र

(ख) समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,

(ग) पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्यांकनको औसत प्राप्त अंक (नब्बे प्रतिशत अंक प्राप्त गरेको हुनुपर्ने), र

(घ) न्यूनतम शैक्षिक योग्यता हासिल गरेको प्रमाण-पत्र ।

(५) उपदफा (४) बमोजिम सिफारिस भएका कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले तह बृद्धिका लागि योग्यता पूरा गरेको मितिबाट लागु हुने गरी सम्बन्धित सेवा, समूह वा उप-समूह भित्र तह बृद्धि गर्नुपर्ने छ ।

(६) उपदफा (५) बमोजिम तह बृद्धि भएमा त्यस्तो पद स्वत: माथिल्लो तहको पदमा कायम हुनेछ र त्यसरी तह बृद्धि भएको कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो पद साविककै तहमा कायम रहनेछ ।

(७) उपदफा (५) बमोजिम तहबृद्धि गरिएका कर्मचारीको विवरण सम्बन्धित स्थानीय तहको कार्यालयले आफ्नो वेवसाइटमा अनिवार्य राख्नुपर्ने छ ।

(८) यस दफा बमोजिम तह बृद्धिका लागि गठन भएको समितिका सदस्यले मूल्यांकनका लागि बैठक बस्दा प्रचलित कानून बमोजिम बैठक भत्ता पाउने छ ।

६. **तह बृद्धि गर्न नहुने** : यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा (५) को उपदफा (१) बमोजिमको समितिले कर्मचारीलाई तह बृद्धिको लागि सिफारि गर्न पाइने छैन :-

(क) नसिहतको सजाय पाएकोमा नसिहत पाएको मितिले एक वर्षसम्म ।

(ख) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर

(ग) तलव बृद्धि वा बढुवा रोक्का भएकोमा तलव बृद्धि वा बढुवा रोक्का भएको अवधिभर, र

(घ) असाधारण विदामा बसेकोमा सो विदाको अवधिभर ।

७. **चौथो तहका कर्मचारीको तह बृद्धि** : (१) अध्यादेश तथा यस निर्देशिका बमोजिम पाँच वर्ष अवधि पूरा भएको चौथो तहको कर्मचारी स्वतः पाँचौं तहमा बृद्धि हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा (६) बमोजिम तह बृद्धि गर्न नपाइने अवस्थामा बाहेक सम्बन्धित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले पाँच वर्षको अवधि पुगेका चौथो तहका कर्मचारीलाई निर्णय गरी पाँचौं तहमा तह बृद्धि गर्नुपर्ने छ ।

८. **तह बृद्धि भएका कर्मचारीको सेवा, सुविधा** : (१) दफा (३) को उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि तह बृद्धि भएका कर्मचारीले गाउँ कार्यपालिकाले तह बृद्धिका लागि निर्णय गरेको मितिबाट मात्र माथिल्लो तहको तलब भत्ता प्राप्त गर्नेछन् ।

(२) स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश र यस निर्देशिका बमोजिम तह बृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलब भन्दा घटी हुने भएमा खाईपाई आएको तलब भन्दा घटी नहुने गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले तलब मिलान गर्नुपर्ने छ ।

(३) तह बृद्धि भएका कर्मचारी सेवा निवृत्त हुँदा उपादान तथा निवृत्तिभरणको लागि प्राप्त गर्ने सेवा सुविधा प्रचलित कानून बमोजिम हुनेछ ।

९. **जानकारी दिनुपर्ने** : (१) यस निर्देशिका बमोजिम सम्बन्धित स्थानीय तह तथा गाउँकार्यापालिकाको कार्यालयले गरेको तह बृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्रमा प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनुपर्ने छ ।

(२) सम्बन्धित स्थानीय कार्यपालिकाबाट भएको निर्णयको जानकारी सम्बन्धित स्थानीय तहले मूख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई दिनुपर्ने छ ।

१०. **बाधा अड्काउ फुकाउन सक्ने** : यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

११. **प्रचलित कानून बमोजिम हुने** : यस निर्देशिकामा उल्लेख भएको विषयमा यसै निर्देशिका बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

.................................

आज्ञाले,

डम्बरबहादुर रजनमगर

(प्रमुख प्रशासकीय अधिकृत)